nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

31°C । वर्ष : ११, अंक : ०९ पृष्ठ ४ । मंगलबार,१० भदौ २०८२ । TUESDAY, AUGUST 26, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पर्सा निर्वाचन क्षेत्र नं. २ बाटै उम्मेदवार बन्ने आमात्यको दाबी

वीरगंज, ९ भदौ ।




नेपाली कांग्रेस पर्साका पूर्व सभापति एवं संविधान सभा सदस्य राजेन्द्र बहादुर आमात्यले अब पार्टी नेतृत्व परिवर्तनको बेला आएको दावी गर्नुभएको छ। आमात्यले शेखर कोइरालाको नेतृत्वमा पार्टी अघि बढ्नुपर्ने वा अर्को नेतालाई अगाडि सार्नुपर्ने अवस्था आएको बताउनुभयो । नेपाल पोष्ट टिभीको 'सिमाञ्चल बहस' पडकास्टमा कुरा गर्दै नेता आमात्यले पर्सा जिल्लाको वर्तमान नेतृत्वले पार्टी कमजोर गर्ने काम गरेको बताए । उनले गठबन्धन गरी निर्वाचनमा जाने र पार्टीका नेता तथा कार्यकर्ताको बलिदानी दिने प्रवृत्ति नेपाली कांग्रेसमा अब बन्द हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । विगतमा सिटिङ सांसद र जित्ने उम्मेदवारहरूलाई समेत टिकट नदिने काम भएको चर्चा गर्दै आमात्यले आगामी निर्वाचनमा यस्तो काम रोक्नुपर्ने बताए । आफ्नो उम्मेदवारीबारे कुरा गर्दै नेता आमात्यले पर्सा निर्वाचन क्षेत्र नं. २ बाट आगामी निर्वाचनमा आफू उम्मेदवार बन्ने दावी गर्नुभयो । उनले भने, "धेरै धेरै कुरा गरे पनि मैले सबै कुरा बुझिसकेको छु। केही साथीहरू अहिलेबाटै आफ्नो टिकट सुरक्षित गर्न लागेका छन् ।" नेता आमात्यले मेयर पदका लागि पनि तयारी भइरहेको भन्ने प्रश्नमा मेयर पद आफ्नो प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो ।पछिल्लो समय पार्टी अनुशासन समितिले कर्मठ र इमान्दार कार्यकर्तामाथि विभिन्न आरोप लगाएर कारवाही गरेकोमा

बाँकी तेश्रो पृष्ठमा

## हैजालाई हौवा बनाएर व्यापार नगर्न मेयर सिंहको चेतावनी

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०९ भदौ ।***



बीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले हैजाको नाममा डर फैलाएर व्यापार गर्ने प्रवृत्तिप्रति कडा आपत्ति जनाएका छन्।निजी अस्पतालहरूलाई लक्षित गर्दै मेयर सिंहले भने, "सरकारी अस्पताल नारायणीमा साधारण बेडमै हैजाको उपचार सम्भव हुँदा निजी अस्पतालहरूले सिधै आइसियुमा राखेर व्यापार गर्न खोज्नु गम्भीर विषय हो।" बीरगन्जमा आयोजित हैजा नियन्त्रणसम्बन्धी अन्तरक्रियात्मक छलफलमा मेयर सिंहले हैजा नियन्त्रण स्वास्थ्य विज्ञान र सेवा समर्पणको विषय भएको तर केही निजी संस्थाहरू यसलाई कमाइको माध्यम बनाउने प्रयासमा लागेको बताए । उनले चेतावनी दिँदै भने, "हैजालाई हौवा बनाएर डर देखाउने र परीक्षणको नाममा महँगा किट बेच्ने प्रवृत्ति बढ्दै गएको छ। यस्तो कार्यलाई महानगरले कुनै हालतमा स्वीकार गर्ने छैन।" सिंहले प्रभावित क्षेत्रमा औषधीजन्य सामग्री तथा सेवाको वितरणमा एकद्वार नीति लागू गरिने र सरकारले आवश्यक किट निःशुल्क उपलब्ध गराउने जानकारी पनि दिए । कार्यक्रममा सहभागी जनस्वास्थ्य प्रशासक, चिकित्सक र सरोकारवालाहरूले हैजा उपचारका लागि अत्यावश्यक सेवा बाहेक अनावश्यक परीक्षण नगर्न सुझाव दिएका थिए। स्वास्थ्य सेवा विभागका सरुवा रोग शाखा प्रमुख डा। प्रविण झाले पनि एक जना हैजा संक्रमित भेटिएपछि

बाँकी तेश्रो पृष्ठमा

## नेपाल खानेपानी संस्थानको पानीबाट हैजा फैलियो

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०९ भदौ ।***




पर्साको बीरगन्जमा फैलिएको हैजा संक्रमणको मुख्य कारण नेपाल खानेपानी संस्थानले उपलब्ध गराएको दूषित पानी रहेको पुष्टि भएको छ । संक्रमितमध्ये अधिकांश बिरामीले धाराको पानी प्रयोग गरेका थिए, र केही क्षेत्रमा खानेपानीको पाइप फुटेर ढल मिसिएको पाइएको छ । खानेपानी तथा ढल व्यवस्थापन विभागको प्राविधिक टोलीले अनुगमन गर्दा पाइपलाइनमा ढल मिसावट भएको पत्ता लागेको हो । दूषित पानीका कारण हैजा फैलिएको पुष्टि भएपछि खानेपानीमन्त्री प्रदीप यादवको टोलीले पियुष लगायतका सामग्रीसहित प्रभावित क्षेत्रमा मोबाइल टोली परिचालन गरी पानी परीक्षण र शुद्धीकरणमा लगाइएको छ। स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार सोमबार बिहानसम्म ७९ जना हैजाका संक्रमित फेला परेका छन्।नारायणी अस्पतालमा २६, तराई अस्पतालमा २५, नेशनल मेडिकल कलेजमा ९, भवानी अस्पतालमा ३ र अन्य अस्पतालमा १६ जना बिरामी उपचाररत छन् । नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहले बताएअनुसार, झाडापखालाका बिरामीको संख्या हैजाका बिरामीभन्दा दोब्बर रहेको र अस्पतालमा बेड अभावले भुइँमा राखेर उपचार गर्नुपर्ने अवस्था आएको छ । संकट व्यवस्थापनका लागि नियमित्त प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीको अध्यक्षतामा उच्चस्तरीय बैठक

बाँकी तेश्रो पृष्ठमा

## कवाड व्यवसायी काठमाडौं महानगरविरुद्ध आन्दोलनमा

***काठमाडौं,०९ भदौ ।***

आफ्नो पेशा व्यवसाय गर्न पाउने अधिकार सुनिश्चित नगरेको भन्दै कवाड व्यवसायीहरू आज काठमाडौं महानगरपालिकाविरुद्ध पुनः आन्दोलनमा उत्रिएका छन् । व्यवसायीहरूले महानगरको कार्यालय घेराउ गरी विरोध प्रदर्शन गरेका छन् । व्यवसायीहरूले महानगरका प्रहरीबाट कुटपिट, अपहरण, ज्यादती र संरचना भत्काउने जस्ता कार्य भइरहेको आरोप लगाएका छन् । उनीहरूले तत्काल यी कार्य रोक्न, ज्यादतीमा संलग्न प्रहरीमाथि कारबाही गर्न र क्षतिपूर्ति दिनुपर्ने माग राखेका छन्। व्यवसायी समाजको आह्वानमा पाँच बुँदे मागसहित आन्दोलनमा उत्रिएका उनीहरूले पत्रकार सम्मेलनमार्फत आफ्नो आवाज उठाएका छन्।

व्यवसायी ओमप्रकाश सिंहले महानगरविरुद्ध 'निर्णायक आन्दोलन' गर्ने चेतावनी दिएका छन् । उनीहरूले मेयर बालेन्द्र साहले आफूहरूलाई काम गर्न नदिएको गुनासो पनि गरेका छन्।

## सशस्त्र प्रहरीले खेतबाट लाखौंको अवैध सुर्ती बरामद

***रौतहट,०९ भदौ ।***



रौतहटको ईशनाथ नगरपालिका-४ मठिया गाउँ नजिकै सशस्त्र प्रहरीले ठूलो परिमाणमा अवैध सुर्ती बरामद गरेको छ । विशेष सूचनाका आधारमा आइतबार राति पौने १२ बजे सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हे.क्वा. रौतहटका प्रमुख एसपी सन्तोष कुमार बस्नेतको नेतृत्वमा औरैयास्थित बीओपीका इन्चार्ज इन्स्पेक्टर खेमराज जोशीसहितको टोलीले खोजतलासी सञ्चालन गरेको थियो। खोजतलासीका क्रममा चुमन मियाको धानखेतमा लुकाइराखिएको ३० बोरा (करिब ७४५ केजी) सुर्ती तथा सुर्तिजन्य पदार्थ बरामद भएको प्रहरीले जनाएको छ । बरामद गरिएको सुर्तीको मूल्य करिब ३ लाख ६२ हजार ७५० रुपैयाँ बराबर हुने अनुमान गरिएको छ । सशस्त्र प्रहरीले आवश्यक कानुनी प्रक्रिया पूरा गरी बरामद सामग्री गौर भन्सार कार्यालयमा बुझाएको छ। रौतहट, बारा, पर्सा, सर्लाहीलगायतका तराई-मधेसका सीमावर्ती क्षेत्र अवैध सुर्ती, मदिरा र अन्य उपभोग्य वस्तुहरूको

बाँकी तेश्रो पृष्ठमा

## मधेश प्रदेशमा शिक्षा विधेयकविरुद्ध निजी विद्यालय सञ्चालकहरूको प्रदर्शन

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०९ भदौ ।***



शिक्षा विधेयकविरुद्ध मधेश प्रदेशका निजी विद्यालय सञ्चालकहरूले आज प्रदेश सभा भवनअगाडि ठूलो प्रदर्शन गरेका छन् । प्याब्सन, एन-प्याब्सन र हिसानलगायत संस्थाहरूको संयुक्त आयोजनामा भएको प्रदर्शनमा प्रदेशका आठै जिल्लाका सञ्चालकहरू सहभागी थिए ।

निजी विद्यालय सञ्चालकहरूले हालको विधेयकले निजी शैक्षिक संस्थाहरूको अस्तित्वमाथि जोखिम सिर्जना गरेको आरोप लगाएका छन् । उनीहरूले विधेयकका केही प्रावधानले विद्यालय बन्द हुन सक्ने खतरा बढाएको भन्दै तत्काल परिमार्जन गरी विद्यालयहरूको दिगोपन, शिक्षक-कर्मचारीको अधिकार र शैक्षिक गुणस्तर सुनिश्चित गर्न माग गरेका छन्। प्याब्सन मधेश प्रदेशका अध्यक्ष गणेश साहको नेतृत्वमा भएको प्रदर्शनमा पर्सा जिल्लाबाट ठूलो संख्यामा सञ्चालकहरू सहभागी भएका थिए । प्याब्सनका जिल्ला अध्यक्ष सरोज प्रसाद चौधरी, एन-प्याब्सनका सल्लाहकार प्रेम यादव र हिसानका अध्यक्ष मुकेश गुप्ता लगायत पदाधिकारीहरूले पनि प्रतिनिधित्व गरेका थिए ।यसअघि पनि निजी विद्यालय सञ्चालकहरूले आफ्ना माग पूरा गराउन जिल्ला प्रशासन, प्रदेश सरकार र संघीय राजधानीमा विरोध प्रदर्शन गर्दै आएका थिए । उनीहरूले विधेयक संशोधन नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् ।

## जेठानी-देवरानीको झगडापछि गर्भपतन

***जनकपुर,०९ भदौ ।***

सप्तरीको खडक नगरपालिका-७ कल्याणपुरमा जेठानी र देवरानीबिचको झगडामा एक महिलाको पाँच महिनाको गर्भ खेर गएको छ । भदौ ४ गते बिहान बाटोमा इँटा राख्ने विषयमा

बाँकी तेश्रो पृष्ठमा

साक्षर समाज-सक्षम राष्ट्र।

शिक्षाः

- ❖ आत्मनिर्भर जीवनको लागि,
- ❖ रोजगारी र अवसरको लागि,
- ❖ सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- ❖ लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- ❖ अधिकार र कर्तव्य बोधका लागि,
- ❖ स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- ❖ आर्थिक सशक्तिकरणका लागि ।

त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सहसम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### नागरिकलाई हैजाबाट बचाऊ

हैजा भनेको सामान्य खालको संक्रमण हो । तर, यही सामान्य संक्रमणबाट समेत नेपालमा बर्सेनि कैयौं नागरिकले ज्यान गुमाइरहेका छन् । यस वर्ष पनि हैजाका कारण ज्यान गुमाउनेको संख्या बढ्दो छ । यसतर्फ सरकार र सरोकारवालाहरूको भूमिका महत्वपूर्ण छ । नागरिकलाई दूषित भएको खाना खान हुन्न र दूषित पानी पिउन हुन्न भनेर मात्र सिकाउन सकियो भने हैजाबाट धेरैको ज्यान जोगाउन सकिन्छ । तर, यही कुरा सिकाउन नसक्दा नागरिकको ज्यान जोगाउनबाट राज्य चुकिरहेको छ । यसवर्ष पनि देशभर हैजाका बिरामी बढ्दै गएका छन् । हैजाको प्रकोप फैलिँदा अस्पतालहरूमा बिरामीको चाप बढ्दो छ । कति नागरिक प्रभावित भए भन्ने यकिन तथ्यांक सरकारसँग छैन । तथापि, वीरगन्जमा मात्रै शुक्रबार यता ७३ जनामा हैजा संक्रमण पुष्टि भएको छ । तीमध्ये झाडापखालाको लक्षण देखा परेर उपचार गराउन अस्पताल पुगेका दुई जनाको मृत्यु भएको छ । जिल्ला जनस्वास्थ्य कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार वीरगन्जका विभिन्न अस्पतालमा ७१ जना हैजा संक्रमित बिरामी उपचारत छन् । यो तथ्यांक हेर्दा जति सानो छ, त्यति डरलाग्दो र गम्भीर छ । दूषित खाना र दूषित पानी पिउनुहुन्न भनेर नागरिकस्तरमा जनचेतना फैलाउन राज्यले आवश्यक पहल नलिँदाको परिणाम वीरगन्जमा भएको मानवीय क्षति र प्रभाव हो । सरकार र राजनीतिक दल नागरिकलाई विकास र समृद्धिका ठुला सपना देखाइरहेका हुन्छन् । तर, बेलैमा यस्ता संक्रमणलाई महामारीको रूप लिनबाट रोक्न सकिरहेको छैनन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हैजाले महामारीको रूप लियो भने वर्तमान स्वास्थ्य सेवाअन्तर्गतको भौतिक संरचनाले थाम्न नसक्ने अवस्था आउन सक्छ । अहिलेकै दरमा बिरामी बढ्दै जाने हो भने जनशक्तिले जसोतसो धाने पनि अस्पतालमा बेडको अभाव हुन सक्छ । अर्थात् सरकार आफैं हैजाले महामारीको रूप लिने चिन्तामा छ । तर, आवश्यक पूर्वतयारी र जनचेतना फैलाउनमा ध्यान दिइरहेको छैन । यस्तोमा नागरिकमा राज्यप्रति विश्वास कम हुँदै जान्छ र निराशा बढ्न जान्छ । नागरिक आक्रोशमा संघीय सरकार मात्र होइन, प्रदेश र स्थानीय सरकारसमेत पर्नेछन् । घरआँगनको सरकारको उपमा पाएको स्थानीय सरकारको भूमिका पनि यस्तै बेलामा हुने हो । यसकारण तीनवटै सरकार र राज्यका निकायहरूले दतारुकताका साथ हैजा नियन्त्रणमा भूमिका खेल्न आवश्यक छ ।

# लिपुलेकमा ओली कूटनीतिको असली परीक्षा

**राजाराम गौतम**



उच्चस्तरीय विदेश भ्रमणको निम्तो आउँदा नेपालको सत्तावृत्तमा एक प्रकारको हर्षबढाइँ नै हुने गर्छ । भ्रमणको निमन्त्रणा पाउनुलाई नै ठूलो उपलब्धि ठान्ने प्रवृत्ति यहाँका सबैजसो राजनीतिक नेतृत्वमा विद्यमान छ । प्रधानमन्त्री केपी शर्मा ओली पनि भारत भ्रमणको 'ग्रिन सिग्नल' नपाउँदा निराशिएका थिए । चौथो पटक प्रधानमन्त्री भएको चौध महिनापछि भारत भ्रमणको मिति तय भएसँगै उनी उत्साहित थिए । झन् भदौको दोस्रो साता चीनको तियान्जिनमा हुने सांघाई कोअपरेसन संगठन (एससीओ) को शिखर सम्मेलनमा सहभागिताको अवसर जुरेपछि त उनमा 'डबल उत्साह' भरिएको थियो । तर, दुइटा महत्त्वपूर्ण भ्रमणको सम्मुखमा दुई बलिया छिमेकी भारत र चीनले नेपाललाई बेवास्ता गर्दै नेपाली भूमि लिपुलेक प्रयोग गरेर व्यापार-बाटो खोल्ने सहमति गरेपछि त्यो उत्साह चिन्ता र चुनौतीमा बदलिएको छ । उसै पनि ओली घरेलु राजनीतिमा विरोध र घेराबन्दी खेपिरहेका छन् । पूर्वराष्ट्रपति विद्या भण्डारीले एमालेको राजनीतिमा सक्रिय हुन खोजेपछि उनी सम्पूर्ण रूपमा 'विद्या तेजोबध'मा जुटेका छन् । उनको धेरै ऊर्जा विद्यासँगको दन्तबझानमै खपत हुँदै गर्दा दुई छिमेकी सिर्जित कूटनीतिक संकट पनि बेहोर्नुपरेको छ । यो पृष्ठभूमिमा सबैको नजर ओलीतिर छ । दुई बलिया छिमेकीको मिचाहा प्रवृत्तिविरुद्ध आसन्न चीन र भारत भ्रमणमा ओली कसरी प्रस्तुत होलान् ? के ओलीले यो भूराजनीतिक जटिलता र संकटबाट मुलुकलाई निकाल्न सक्लान् ? ओली कूटनीतिको असली परीक्षा अब यी प्रश्नको नियतिमा निर्भर रहनेछ ।

छिमेकीले बलपूर्वक सीमा मिच्नु सिंगो देशको साझा समस्या हो । मुलुकसामु आइपरेको कूटनीतिक संकट सबैको साझा मुद्दा बन्नुपर्छ । नागरिक/राजनीतिक वृत्तमा भारत र चीनको हेपाहा प्रवृत्तिविरुद्ध एकमुख लागेर प्रतिवाद गर्नुपर्छ भन्ने भाष्य बनेको पनि छ । तथापि, मुलुकको 'ड्राइभिङ सिट'मा ओली छन् । त्यस हिसाबले यो उनको कूटनीतिक काबिलियतको परीक्षणको समय पनि हो ।

विगतमा छिमेक सम्बन्धमा संकट र जटिलता आउँदा दह्रो अडान लिन सक्ने नेताको छवि बनेको थियो, ओलीको । यो उनी पहिलो पटक प्रधानमन्त्री बन्दाको कुरा हो । भर्खरै नेपालमा संविधान जारी भएको थियो । संविधान जारी गर्दा प्रधानमन्त्री सुशील कोइराला थिए । भारतले नेपालको संविधान जारी गर्ने मिति सार्ने अनेक प्रयत्न गर्‍यो तर ओलीकै अगुवाइमा प्रमुख राजनीतिक दलहरूबीच २०७२ जेठ २५ गते भएको १६ बुँदे समझदारीको आडमा संविधान जारी भयो । भारतले संविधान जारी गर्दा आफूलाई 'नपुछेको' भनेर चिढियो । कति चिढियो भने नेपालमा नाकाबन्दी गर्ने हदसम्मै ओर्लियो । यही प्रतिकूल समयमा ओली पहिलो पटक प्रधानमन्त्री भएका थिए । एकातिर मधेशमा आन्दोलनको आगो बलिरहेको र अर्कोतिर भारतले नाकाबन्दी लगाएको प्रतिकूल समयमा विचलित नभई ओलीले एउटा कुशल नेताको भूमिका निर्वाह गरेका थिए । उत्तरी छिमेकी चीनसँग पारवहन सम्झौता गरे, पेट्रोलियमको ढुवानी गरेर नेपालको परराष्ट्र नीतिमा नयाँ आयाम नै थपे । नेपालको परराष्ट्र नीतिमा दूरगामी महत्त्वको कदम चाल्न सकेपछि ओलीको 'राष्ट्रवादी' नेताको छवि बनेको थियो । ओली त्यसयता पटक-पटक गरेर चौथो पटक प्रधानमन्त्री भएका छन् । यसबीच उनले अनेक पटक कूटनीतिक 'एडभेन्चर' गरे । पहिलो पटक प्रधानमन्त्री बन्दा भारतसँगको सम्बन्धमा तिक्तता आयो र सम्बन्ध चिसियो । उनी अडानमै बसे र भारतको दबाब अस्वीकार गर्दै चीनसँग नजिकिने रणनीति अपनाए । दोस्रो पटक प्रधानमन्त्री हुँदा उनले नेपालको नक्सामा कालापानी, लिपुलेक समेटेर 'चुच्चे नक्सा' संसद्बाटै अनुमोदन गराए । सार्वभौमिकताको मुद्दा बोक्दा यस पटक पनि उनको भारतसँगको सम्बन्ध चिसियो । नाकाबन्दी सामना गरेरै र कालापानी-लिपुलेकसहितको नयाँ नक्सा जारी गरेर ओलीले 'राष्ट्रवादी नेता'को छवि त बनाए तर यसबाट मुलुकले रणनीतिक र दीर्घकालीन लाभ लिन सकेन । खासगरी नयाँ नक्सा जारी भएसँगै जसरी यो मुद्दामा केन्द्रित भएर कूटनीतिक गृहकार्य एवं संवाद अघि बढाउने र आवश्यक पर्दा अन्तर ष्ट्रिय फोरमहरूमा पुर्‍याउनेतर्फ लाग्नुपर्थ्यो, त्यसमा उनी चुके । अझ विज्ञहरू त त्यसभन्दा अघि जतिबेला भारतसँग महाकाली सन्धि गरिँदै थियो, त्यही बेला चूक भएको ठान्छन् । विदेश मामिलाका एक जानकार भन्छन्, 'नेपाली नक्सामा कालापानी क्षेत्रको लिपुलेक, लिम्पियाधुरा समेटिनु राम्रो निर्णय थियो । तर, महाकाली सन्धि गर्दै त्यसलाई सच्याउने प्रयास हुनुपर्थ्यो । काली नदी हाम्रो सीमा भनेपछि त्यसलाई उल्टाउने प्रयास नहुनु कमजोरी थियो ।' संयोगले महाकाली सन्धिका सूत्रधार ओली नै थिए । प्रधानमन्त्री केपी शर्मा ओलीको कूटनीतिक शैली आफ्नैखाले छ, उनी जहिल्यै लोकप्रियतावाद र प्रतिक्रियात्मक कूटनीतिको सहारा लिन्छन् । राष्ट्रवादी छवि र भाषणले ओलीलाई तत्कालीन राजनीतिक लाभ त भयो होला तर मुलुकले विदेश नीतिमा दीर्घकालीन/रणनीतिक लाभ पाउन सकेन । आज पनि ओलीको मुख्य चुनौती भनेकै सन्तुलित कूटनीतिका माध्यमबाट छिमेक सम्बन्ध सुधार्ने भन्ने नै छ । कारण, कहिले भारतपरस्त देखिने त कहिले चीनसित नजिकिने गर्दा दुवै मुलुकसँग स्थायी विश्वासको वातावरण बन्न सकेको छैन ।चीनसँगकै सम्बन्धको

बाँकी तेश्रो पृष्ठमा

# यसरी समाधान गर्न सकिन्छ सीमा विवाद

**गेजा शर्मा वाग्ले**

नेपालको उत्तर पश्चिमी भूमि लिपुलेकलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्न छिमेकी भारत र चीनबीच अप्रत्याशित रूपमा बहुचर्चित सहमति भएपछि गम्भीर राजनीतिक तथा कूटनीतिक तरंग सिर्जना भएको छ । चिनियाँ विदेशमन्त्री वाङ यीको भारत भ्रमणका क्रममा अगस्ट १९ मा भएको यस्तो सहमतिले नेपालको भौगोलिक अखण्डता, सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय सुरक्षामा समेत गम्भीर आघात परेको छ । उक्त बहुविवादास्पद सहमति भएको भोलिपल्टै गत बुधबार परराष्ट्र मन्त्रालयद्वारा प्रकाशित विज्ञप्तिमा महाकाली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग भएको धारणा सार्वजनिक गर्दै नेपालले कूटनीतिक शैलीमा प्रतिवाद गरेको थियो । तर नेपालको विज्ञप्ति प्रकाशित भएको केही घण्टा पनि नबित्दै भारतीय विदेश मन्त्रालयले अर्को विज्ञप्ति प्रकाशित गरी नेपालको धारणालाई अर्थपूर्ण कूटनीतिक शैलीमा चुनौती दिएको छ । भारत भ्रमणको निम्तो दिएर विदेश सचिव विक्रम मिस्री फर्किएको दोस्रो दिन आकस्मिक रूपमा विकसित भएका अस्वाभाविक परिदृश्यले प्रधानमन्त्री केपी ओलीको बहुप्रतीक्षित भ्रमण पनि सीमा विवादको छायामा पर्ने सम्भावना देखिएको छ ।लिम्पियाधुरा, लिपुलेक र कालापानीको भूराजनीतिक, सामरिक तथा व्यापारिक महत्त्व भएको कारणले भारत र चीन दुवैले उक्त क्षेत्रलाई आफ्नो नियन्त्रणमा राख्न वा सामरिक प्रभाव विस्तार गर्न निरन्तर अवाञ्छित प्रयास गर्दै आइरहेका छन् । अस्थिर सरकार र कमजोर कूटनीतिको अनुचित लाभ उठाउँदै नेपालको सार्वभौमिकतामाथि समेत आँच आउने गरी भारत र चीन दुवैले आपसी भूराजनीतिक सौदाबाजी गर्दै आइरहेका छन् । दुई ठूला र शक्तिशाली देशहरूले आफ्नो सामरिक तथा व्यापारिक स्वार्थ मिल्दा कसरी छिमेकीको सार्वभौमिकतामाथि समेत अतिक्रमण गर्ने रहेछन् भन्ने वास्तविकताको यस प्रकरणबाट पर्दाफास भएको छ । नेपालका राजनीतिक दलहरूले सत्ता स्वार्थ, राजनीतिक अभीष्ट र सार्वजनिक खपतका लागि राजनीतिक मौसमअनुसार कालापानीदेखि नालापानीसम्म तथा लिम्पियाधुरादेखि लिपुलेकसम्मको राग अलाप्दै आएका छन् । भोटको खेतीका लागि राष्ट्रवादको अतिरञ्जित धारावाहिक भाषण पनि गर्दै आएका छन् । तर यस्तो जटिल र संवेदनशील सीमा विवाद समाधान गर्न गणितीय रूपमा शक्तिशाली कांग्रेस-एमालेको सरकारले कस्तो नीति, रणनीति तथा कूटनीति अनुसरण गर्छ ? भन्ने गम्भीर बहसको विषय भएको छ । **ऐतिहासिक दस्तावेज, नक्सा र प्रमाण के भन्छन् ?** सन् १८१६ मार्च ४ मा तत्कालीन इस्ट-इन्डिया कम्पनी र नेपालबीच भएको सुगौली सन्धि नै नेपाल-भारतको सीमा निर्धारण गर्ने आधिकारिक दस्तावेज हो । इस्ट-इन्डिया कम्पनीसँग युद्धमा पराजित भएपछि नेपालले ठूलो भूभाग गुमाए पनि सन्धिमार्फत भौगोलिक सीमा स्वीकार गरेको हो । सुगौली सन्धि, नेपालको नक्सा, नेपाल र इस्ट-इन्डिया कम्पनीबीच आदानप्रदान भएका दस्तावेज र अन्तर्राष्ट्रिय कानुनले लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूमि भएको प्रमाणित भइसकेको छ । सन्धिको धारा ५ मा काली नदी सीमा नदी भएको उल्लेख गरिएको छ, जुन वास्तविकतालाई भारतले पनि स्वीकार गरेको छ । सन् १८१९ मा सर्भे अफ इन्डियाले जारी गरेको नक्सा, सन् १८२७ मा जारी भएको कुमाउ र गढवालसहितको नक्सा, सन् १८३० मा जारी पश्चिमी प्रदेशको नक्सा र सन् १८९४ मा जारी कुमाउ राज्यको अद्यावधिक नक्सामा पनि लिम्पियाधुरा नै काली नदीको मुहान भएको देखाइएको छ । काली नदीको उद्गमस्थलबारे सहमति भएपछि सीमा विवादको स्थायी समाधान हुनेछ । लिम्पियाधुरा नै काली नदीको उद्गमस्थल भएको वास्तविकताको पुष्टि भइसकेको छ । नेपालसँग भएका उक्त ऐतिहासिक अभिलेख, दस्तावेज, नक्सा, प्रमाण र तथ्यका आधारमा वार्ता र 'नेगोसियसन' गरियो भयो भने वास्तविकता स्वीकार गर्न भारत पनि बाध्य हुनेछ । तर पर्याप्त अभिलेख, दस्तावेज, प्रमाण नभएका कारणले नेपालको दाबी कमजोर भएको तर्क वार्ताकार तथा सरकारी अधिकारीले गर्दै आएका छन् । तर नेपालको नक्सा, सुगौली सन्धि, इस्ट-इन्डिया कम्पनीसँग भएका पत्राचार र दस्तावेज नै आधिकारिक प्रमाण होइनन् र ? नेपालसँग अभिलेख, दस्तावेज र प्रमाणको अभाव होइन, उच्च राजनीतिक र सरकारी तहमा कूटनीतिक संवादमार्फत समस्या समाधान गर्ने आत्मविश्वास र कूटनीतिक कौशलताको अभाव छ ।

**भारतको परम्परागत दृष्टि ?**

नेपाललाई हेर्ने दृष्टिकोण र भारतको नेपाल नीतिका बारेमा लामो समयदेखि बहस हुँदै आइरहेको छ । भारतले नेपाललाई कूटनीतिक, भूराजनीतिक, सामरिक, धार्मिक, आर्थिक, व्यापारिक कुन दृष्टिले हेर्छ भन्ने नेपालको सदाबहार बहस र विवादको विषय हो । यद्यपि इतिहासदेखि नै नेपाल-भारतबीच अभिन्न बहुआयामिक र घनिष्ठ सम्बन्ध रहँदै आएको छ । तर ब्रिटिस-इन्डियादेखि हालसम्मको भारतको नीति, कूटनीति र मनोवृत्तिका आधारमा विश्लेषण गर्दा अहिलेसम्म पनि भूराजनीतिक, सामरिक तथा व्यापारिक आयाम हावी भएको देखिन्छ । विशेषगरी भारतले निरन्तर उठाउँदै आइरहने सुरक्षा चासो, प्रतिरक्षा सहकार्य र नेपालसँगको सम्बन्धमा सैन्य तथा खुफिया निकायको प्रयोगजस्ता तथ्यहरूले नेपाल नीतिमा सामरिक तथा सैन्य मामिला प्रधान हुँदै आएको देखिन्छ । दोस्रो विश्वयुद्ध अन्त्य भई शीतयुद्ध प्रारम्भ तथा सन्

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तानमा मनसुन संकट : दुई सातामा ४६० को मृत्यु



***काठमाडौं,०९ भदौ ।*** पाकिस्तानमा पछिल्लो दुई साताभित्रै मनसुनी वर्षासँगै आएको बाढीले कम्तीमा ४ सय ६० जनाको मृत्यु भएको छ । उत्तरी पाकिस्तानमा आइतबार आएको मनसुनी वर्षापछिको बाढीपहिरोका कारण एकै दिन कम्तीमा १३ जनाको मृत्यु हुनका साथै दर्जनौं घाइते भएका छन् । प्रान्तीय आपत्कालीन व्यवस्थापन प्राधिकरण (पीडीएमए) ले पनि खैबर पख्तुन्ख्वा प्रान्तका अधिकांश जिल्लाहरूमा हताहत भएको पुष्टि गरेको छ । 'पछिल्लो २४ घण्टामा डेरा इस्माइल खानमा कम्तीमा आठ जनाको मृत्यु भएको छ, जबकि अफगानिस्तानको सीमानजिकै रहेको दुर्गम दिर जिल्लामा घरको छत भत्किँदा तीन बालबालिकाको मृत्यु भएको छ,' उद्धार कार्यमा संलग्न एक अधिकारीले भने । पीडीएमएको तथ्यांकअनुसार १५ अगस्तयता खैबर पख्तुन्ख्वा प्रान्तमा ४ सय ६ जनाको मृत्यु भइसकेको छ, जसमा बुनर जिल्लामा मात्रै ३ सय ३७ जनाको ज्यान गएको हो । सिन्ध, बलुचिस्तान, गिलगिट-बाल्टिस्तान र पाकिस्तान प्रशासित कश्मीरमा पनि ६० जनाभन्दा बढीको मृत्यु भएको रेकर्ड गरिएको छ । मनसुनको नयाँ चरण सुरु हुनुअघि पाकिस्तानमा बाढी प्रभावित क्षेत्रहरूबाट १९ हजारभन्दा बढी स्थानीयलाई सुरक्षित स्थानमा सारिएसँगै पाकिस्तानको पञ्जाब प्रान्तलाई उच्च सतर्कतामा राखिएको स्थानीय सञ्चारमाध्यम 'डन' ले आइतबार जनाएको छ । पञ्जाब सरकारले शनिबार सतलज नदी किनारका हजारौं मानिसलाई उद्धार गरेको छ । प्रवक्ता फारुख अहमदलाई उद्धृत गर्दै डनले प्रान्तका धेरै बाढी प्रभावित क्षेत्रहरूबाट १९ हजारभन्दा बढी स्थानीयलाई निकालिएको बताएको छ । यो संकटको केन्द्र सतलज नदी भएको बताइएको छ । अधिकारीहरूले त्यहाँ उद्धारको प्रयासलाई प्राथमिकता दिइरहेका छन् । नयाँ मनसुन चरण नजिकिँदै गर्दा आगामी ९६ घण्टा पाकिस्तानको पञ्जाबका लागि निकै जोखिमपूर्ण हुने चेतावनी दिइएको छ । यसबीच, यस मनसुनले गिलगिट-बाल्टिस्तानमा समेत भारी वर्षा र आकस्मिक बाढी ल्याउने अपेक्षा गरिएको छ । त्यहाँ यसअघि नै लगातार बाढीले जनजीवन अस्तव्यस्त बनाएको डनले उल्लेख गरेको छ । पाकिस्तान मानवअधिकार आयोगका गिलगिट-बाल्टिस्तान संयोजक इसरारुद्दिन इसरारलाई उद्धृत गर्दै डनले घिसर जिल्लाको तालिदास गाउँमा हालै हिमताल फुट्दा आएको बाढीका कारण त्यसको तल्लो क्षेत्रका करिब ३ सय ३० परिवारका ३ हजारभन्दा बढी स्थानीय आन्तरिक रूपमा विस्थापित भएको उल्लेख गरेको छ । इसरारका अनुसार यो घटनाबाट भएका विस्थापितको संख्या २०१० को अट्टाबाद प्रकोपपछिकै ठूलो हो । मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघको कार्यालयका अनुसार यहाँ मनसुन संकट सेप्टेम्बरको सुरुआतसम्म जारी रहने सम्भावना छ । यसले थप बाढीपहिरोको जोखिम बढाएको छ ।

## बंगलादेशद्वारा पाकिस्तानलाई सन् १९७१ को नरसंहारबारे माफी माग्न आग्रह



***काठमाडौं,०९ भदौ ।*** बंगलादेशले पाकिस्तानलाई सन् १९७१ को नरसंहारका लागि आधिकारिक माफी माग्न आग्रह गरेको छ । बंगलादेशका विदेश मामिला सल्लाहकार मोहम्मद तौहिद हुसेनले आइतबार ढाकामा भएको द्विपक्षीय बैठकमा पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दारसँग यो विषय उठाउनुभएको थियो । 'सन् १९७१ मा पाकिस्तानले गरेको नरसंहारबारे औपचारिक र आधिकारिक माफी माग्नु, सम्पत्तिको विभाजन, सन् १९७० को चक्रवात पीडितका लागि विदेशी सहायता हस्तान्तरण, फसेका पाकिस्तानीहरूको स्वदेश फिर्ती जस्ता लामो समयदेखि बाँकी रहेका ऐतिहासिक विषयहरूलाई समाधान गर्नु बंगलादेश-पाकिस्तान सम्बन्धलाई स्थायी र अग्रगामी बनाउन आवश्यक ठोस आधार हो', बैठकपछि जारी विज्ञप्तिमा बंगलादेशको विदेश मन्त्रालयले उल्लेख गरेको छ । पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दार आफ्ना बंगलादेशी समकक्षीको निमन्त्रणामा अगस्ट २३ देखि २४ सम्म बंगलादेशको दुई दिने आधिकारिक भ्रमणमा थिए । भ्रमणका क्रममा दिउँसो उनले बंगलादेशका प्रमुख सल्लाहकार मुहम्मद युनुससँग भेट गरेका थिए ।सो अवसरमा बंगलादेश र पाकिस्तानबीच एउटा द्विपक्षीय सम्झौता तथा पाँचवटा समझदारीपत्र (एमओयु) मा हस्ताक्षर गरिएको छ । आइतबार दिउँसो ढाकामा भएको हस्ताक्षर समारोहमा बंगलादेशका विदेश मामिला सल्लाहकार मोहम्मद तौहिद हुसेन र पाकिस्तानका विदेशमन्त्री इशाक दार उपस्थित थिए ।सम्झौतामा दुवै देशका सरकारी र कूटनीतिक पासपोर्ट वाहकका लागि भिसा छुटको व्यवस्था गरिएको छ । साथै, दुवै देशबीच व्यापारसम्बन्धी संयुक्त कार्य समूहको गठन, सांस्कृतिक आदानप्रदान, विदेश सेवा एकेडेमीबीच सहकार्य, राज्य सञ्चालित समाचार एजेन्सीहरूबीच सहकार्य, बङ्गलादेश इन्स्टिच्युट अफ इन्टरनेसनल एन्ड स्ट्रेटेजिक स्टडिज र पाकिस्तान इन्स्टिच्युट अफ स्ट्रेटेजिक स्टडिज इस्लामाबाद बीच सहकार्य गर्ने विषयमा पनि समझदारीपत्रमा हस्ताक्षर गरिएको छ ।

यसअघि, पाकिस्तानका वाणिज्यमन्त्री जाम कमल खान र बङ्गलादेशका वाणिज्य सल्लाहकार एस.के. बशीर उद्दीनबीच बिहीबार ढाकामा आर्थिक सहयोग, आपसी लगानी प्रवर्द्धन तथा द्विपक्षीय व्यापार सम्बन्ध सुदृढीकरणबारे गहन छलफल भएको थियो ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

### लिपुलेकमा ओली कूट........

कुरा गरौं । ओलीले चीनसँग ट्रान्जिट-ट्रेड सम्झौता गरेर भारतीय निर्भरता कम गर्ने महत्त्वपूर्ण काम गरे । नेपाल-चीन सम्बन्धमा यसलाई नयाँ कूटनीतिक 'डिपार्चर' पनि मानियो । चीनसँग सरकारले बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सम्झौता गऱ्यो । उनैले बीआरआई फ्रेमवर्कमा हस्ताक्षर पनि गरे । तर, बीआरआई परियोजनाहरू कार्यान्वयन नभएको र यसमा देखिने गरी प्रगति नभएकामा चीन असन्तुष्ट छ । ओली सगरमाथा संवाद गर्छन्, अन्तर्राष्ट्रिय फोरमहरूमा जलवायु परिवर्तन, हिमाल संरक्षण, पानी ऊर्जासम्बन्धी मुद्दामा बोल्छन् तर यी मुद्दालाई कूटनीतिक उपलब्धिमा परिणत गर्न सक्दैनन्, चुक्छन् । साभार ईकान्तिपुर ।

### यसरी समाधान गर्न...........

१९४९ मा चीन जनवादी गणतन्त्र भएपछि प्रधानमन्त्री जवाहरलाल नेहरूले अख्तियार गरेको हिमालयन फ्रन्टियर नीतिलाई अहिले पनि निरन्तरता दिएको देखिन्छ । सन् २०१४ मा नरेन्द्र मोदी प्रधानमन्त्री भएपछि धार्मिक तथा सांस्कृतिक आयाम पनि थप भएको देखिन्छ । नेपालको भारत नीति र भारतको नेपाल नीति ठीकविपरीत दिग्दर्शनले मार्गनिर्देश गरेको देखिन्छ । भारतसँगको सम्बन्धलाई नेपाल सार्वभौमिक समानताको सिद्धान्त र विकास साझेदारका रूपमा विकसित गर्न चाहन्छ । तर भारतले शीतयुद्धकालीन भूराजनीतिक र सामरिक दृष्टिलाई थप भूराजनीतीकरण गर्दै गएको देखिन्छ । यसैगरी सांस्कृतिक राष्ट्रियता पक्षधर बीजेपीको सरकारले धार्मिक-सांस्कृतिक आयामलाई नेपाल-भारत सम्बन्धको प्रमुख आधार स्तम्भ बनाउन चाहेको देखिन्छ । त्यसैले यस्तो प्रवृत्ति, मनोवृत्ति र आवृत्तिलाई मध्यनजर गर्दै नेपालले पनि उपयुक्त नीति, कूटनीति तथा रणनीति अनुसरण गर्नु अपरिहार्य देखिएको छ । **नेपाल-भारत सीमा विवादको उत्कर्ष** यद्यपि भारत-चीनबीच यस्तो सहमति पहिलो पटक भएको होइन । सन् २०१५ मा भारतीय प्रधानमन्त्री मोदी चीन भ्रमणमा जाँदा भारत-चीनबीच लिपुलेकलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्ने सहमति गरेका थिए । सुशील कोइराला नेतृत्वको तत्कालीन सरकारले गम्भीर आपत्ति व्यक्त गर्दै दुवै देशलाई कूटनीतिक नोट पठाएको थियो भने प्रधानमन्त्री कोइरालाले भारतीय प्रधानमन्त्री मोदीसँग टेलिफोन गरी असहमति व्यक्त गरेका थिए । सोही कारण सम्बन्ध चिसिएपछि मिति तय भइसकेको कोइरालाको भारत भ्रमणसमेत रद्द भएको थियो । चीनले औपचारिकताका लागि भए पनि उक्त नोटको कूटनीतिक शैलीमा जवाफ दिएको थियो । साभार ईकान्तिपुर ।

### पर्सा निर्वाचन क्षेत्र नं...........

आमात्यले विरोध जनाउनुभयो । उनले यसलाई 'गुटको निर्णय' भन्दै, भविष्यमा ती सबै कारवाही फिर्ता हुने दावी गर्नुभयो । आफूहरू खुलेरै शेखर कोइरालाको पक्षमा रहेको भए पनि त्यसलाई नेपाली कांग्रेस वा संस्थापन पक्षको विरोधको रूपमा व्याख्या गर्नु गलत हुने आमात्यको तर्क छ । उनले यसलाई पार्टीभित्रको प्रजातान्त्रिक प्रक्रिया र अन्तरविरोधको रूपमा हेर्न सकिने बताए ।

### हैजालाई हौवा बनाएर.........

अन्य लक्षण देखिएका बिरामीहरूमा दोहोरिएको परीक्षणभन्दा उपचारमा ध्यान केन्द्रित गर्नुपर्ने बताए । यसैबीच, स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल बीरगन्ज पुगेका छन् । मन्त्री पौडेलले नारायणी अस्पतालको स्थलगत निरीक्षण गरी हैजा नियन्त्रणका कार्यहरूको समीक्षा गर्ने र सम्बन्धित निकायहरूसँग समन्वय गर्ने कार्यक्रम राखेका छन् ।

### सशस्त्र प्रहरीले..................

भण्डारण र तस्करीका लागि संवेदनशील मानिन्छन् । भारतीय बजार नजिकै भएकाले सस्तोमा सामान भित्र्याई नेपालमा बिक्री गर्ने कार्य बढ्दो क्रममा छ । पटक-पटक ठूलो परिमाणमा सुर्ती बरामद भइरहनु सीमामा अझ कडाइका साथ निगरानी र नियन्त्रण आवश्यक रहेको स्पष्ट संकेत भएको सुरक्षाकर्मीहरूले बताएका छन् ।

### नेपाल खानेपानी.................

बसेको छ । बैठकले अत्यावश्यक बाहेकका स्वास्थ्यकर्मीहरूको बिदा रोक्ने, आवश्यकता अनुसार उनीहरूलाई तोकिएको स्वास्थ्य संस्थामा खटाउने, माइकिङ, घरदैलो र सचेतना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधन प्रसाद सिंह पनि बैठकमा सहभागी थिए ।महामारीको स्रोत पत्ता लगाउन संघीय र प्रदेश सरकारले प्राविधिक सहयोग उपलब्ध गराउने र प्रभावित क्षेत्रको निगरानी तथा रोकथाममा विशेष ध्यान दिने जनाइएको छ ।

### सशस्त्र प्रहरीद्वारा दैनिक....

गतिविधि नियन्त्रण, महिला तथा बालबालिकाको सुरक्षा लगायतका विषयमा जानकारी दिइने गरिएको छ ।एसपी पुरणचन्दले निरन्तर सचेतना अभियानले नागरिक र सुरक्षा निकायबीचको आपसी विश्वास थप बलियो बनाउने र समाजमा अपराध न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

### जेठानी-देवरानी..................

४० वर्षीया जिबछी देवी साह र उहाँकी देवरानी ३५ वर्षीया ललिता देवी साहबिच झगडा सुरु भएको थियो । झगडा बढ्दै जाँदा कुटपिटमा परिणत भएको र यस क्रममा ललिताको पेटमा चोट लागेको थियो । घाइते ललिता साहलाई परिवारले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लग्दा चिकित्सकले गर्भपतन भएको पुष्टि गरेका छन् । ललिता साह तत्काल घरमै सामान्य अवस्थामा बस्दा पनि अचानक पेट दुख्ने भएपछि उपचारका लागि अस्पताल ल्याइएको थियो ।

# स्वास्थ्य

## गर्भावस्थामा ग्यास्ट्रिकले सतायो, के गर्ने ?



गर्भावस्था संवेदनशील र महत्वपूर्ण अवस्था हो । यो समयमा हर्मोनको गडबडले स्वास्थ्यमा विभिन्न समस्या देखिन्छ । स्वास्थ्य समस्या देखिएमा कुनै पनि औषधि खाँदा विशेष सावधानी अपनाउनुपर्छ । 'ओभर द काउन्टर' मनलाग्दी औषधि त खानै हुँदैन । किनकि औषधिको डोजले यो समयमा अन्यबेला बढी समस्यामा पार्न सक्छ । आमालाई मात्र होइन, गर्भमा रहेको बच्चालाई समेत नकारात्मक असर पार्ने हुँदा सजग हुनैपर्छ । गर्भावस्थामा सबैभन्दा बढी सताउने समस्या ग्यास्ट्रिक पनि हो । ग्यास्ट्रिकले सताएपछि गर्भवती महिलालाई अब के गर्ने ? औषधि खान मिल्ने हो कि होइन, के ग्यास्ट्रिकले नै असहज गराइरहेको हो त ? जस्ता मनमा प्रश्न र चिन्ता दुवै हुन्छ । **गर्भावस्थामा ग्यास्ट्रिक किन हुन्छ ?** पहिलेदेखि नै ग्यास्ट्रिक भएको महिलालाई गर्भावस्थामा थप सताउँछ । पहिला यो समस्या नभए पनि हर्मोनको गडबड र भ्रूणले ठाउँ लिंदा शरीरमा बढ्ने चापका कारण ग्यास्ट्रिक हुनसक्छ । प्रोजेस्टोरोन हर्मोनको गडबडले आन्द्रामा असर पार्ने कारणले ग्यास्ट्रिक गराउन सक्छ । अर्को भनेको यो समयमा अन्ननली कमजोर भई पेटको अम्लीय पानी घाँटीमा आइरहने समस्या हुन्छ । जसकारण महिलाले अमिलो पानी मुखमा आएको अनुभव गर्छिन् । त्यस्तै, कुनै खानेकुरा र औषधिको प्रतिक्रियाले पनि यो समस्या ल्याउँछ । **लक्षण** छाती पोल्ने, बान्ता हुने, अमिलो डकार आउने, पेट दुख्ने वा अप्ठ्यारो अनुभव हुने र हल्का डाइरिया हुने जस्ता लक्षण हुनसक्छ । **ग्यास्ट्रिक देखिए उपचार के हुनसक्छ ?** यस्तो समस्या भएको २४ घण्टामै अवस्था सामान्य छ भने केही औषधि गर्नु पर्दैन । तर समस्या बढ्यो भने एक पटक देखाइरहेको चिकित्सकको परामर्श लिनु आवश्यक हुन्छ । यस्तो अवस्थामा गर्भवती महिलालाई प्रत्येक दुई घण्टामा सुपाच्य खानेकुरा खानुपर्छ । चिकित्सकले अवस्था हेरेर एन्टिएसिड औषधिको रुपमा डायजिनको झोल चलाउन सकिन्छ । त्यसले पनि असर नगरेमा चिकित्सकले कम साइड-इफेक्ट अन्य औषधि सिफारिस गर्न सक्छन् । तर चिकित्सकको सल्लाह विना औषधि लिन भने मिल्दैन । औषधिसँगै पर्याप्त मात्रामा पानी खाने, फाइबरयुक्त खानेकुरा खाने, सोडायुक्त, तारेको, मसालेदार खानेकुरामा कम गर्ने, सहज हुने खालका हलुका लुगा लगाउने र मनतातो पानीले नुहाउने गर्दा यो समस्या कम हुँदै जान सक्छ । सुपाच्य खानेकुरामा बढी जोड दिनुपर्छ । ताकि, पाचन प्रक्रियामा खानेकुरा टुक्राउन र पचाउन सहज होस् ।

# मधेस प्रदेशमा ११३ जना प्रहरीको जिम्मेवारी खोसियो

*जनकपुर,०९ भदौ ।*



मधेस प्रदेश प्रहरी कार्यालयले प्रदेशभरका एक सयभन्दा बढी प्रहरीलाई कारबाही गरेको छ । प्रहरी प्रशासनकै मिलेमतोमा तस्करी धन्दा चल्दै आएको विषय सार्वजनिक हुन थालेपछि एक मधेस प्रदेश प्रहरी कार्यालय, जनकपुरधामले ती प्रहरीलाई जिम्मेवारीबाट हटाएको हो । मधेसका प्रहरी प्रमुख डीआईजी उमाप्रसाद चतुर्वेदीका अनुसार, जिम्मेवारी खोसिनेमा प्रदेशका आठै जिल्लामा कार्यरत १ सय १३ जना प्रहरी छन् । जसमा सादा पोसाकमा काम गर्ने घुमुवा तथा गैरव्यावसायिक गतिविधिमा संलग्न विभिन्न दर्जाका प्रहरी कर्मचारी छन् । उनीहरूलाई कार्यरत रहेको ठाउँबाट अन्यत्र सरुवा गरी पठाइएको डीआईजी चतुर्वेदीले जानकारी दिए । गैरव्यावसायिक गतिविधिमा संलग्न प्रहरीको पहिचान गर्ने र त्यहाँबाट अन्यत्र पठाउने काम अझै जारी रहेको उनले बताए । हामीले अहिले जिम्मेवारीबाट कम्तीमा एक १३ जनाभन्दा बढीलाई हटाएका छौं, अन्यको पनि पहिचान गर्ने काम भइरहेको छ,' डीआईजी चतुर्वेदीले नागरिकसंगभने, 'संगठनमाथि आँच पुऱ्याउनेहरूप्रति हामी निर्मम भएर जान्छौं ।'

# असोज १ देखि इम्बोस्ड नम्बर अनिवार्य नवीकरण र नामसारी रोकिँदै

*काठमडौं,०९ भदौ ।*




असोज १ गतेदेखि सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य रूपमा जडान गर्नुपर्ने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा बसेको प्रदेशका मन्त्री र सचिवहरू सम्मिलित विषयगत समितिको बैठकले यस्तो निर्णय गरेको हो । निर्णयअनुसार प्रदेश मातहतका यातायात व्यवस्था कार्यालयबाट सवारी दर्ता, नामसारी र नवीकरण गर्न इम्बोस्ड नम्बर अनिवार्य हुने छ । यो निर्णय कार्यान्वयनका लागि यातायात व्यवस्था विभागले प्राविधिक सहयोग गर्ने जनाएको छ । साथै, गृह मन्त्रालयसँग समन्वय गरी ट्राफिक प्रहरीमार्फत नियमन गर्ने व्यवस्था मिलाइने मन्त्रालयले जनाएको छ । बैठकले सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइको काम भदौ मसान्तभित्र सुरु गर्न सुरक्षा मुद्रण केन्द्रलाई आग्रह गर्ने निर्णय पनि गरेको छ । केन्द्र र विभागबीच गत जेठ ९ गते सम्झौता भए पनि छपाइ सुरु नभएकाले ढिलाइ भएको हो । सरकारले निर्धारण गरेको इम्बोस्ड नम्बर प्लेटको शुल्क महँगो भयो भनेर आलोचना भइरहेका बेला पुरानै शुल्कलाई निरन्तरता दिइएको छ । मोटरसाइकलमा साधारण नम्बरप्लेट लगाउँदा लाग्ने शुल्कभन्दा तीन गुना महँगो पर्न जान्छ । अन्य ठूला सवारीका लागि पनि साधारण प्लेटको तुलनामा चर्को शुल्क छ । विभाग भने अन्तर्राष्ट्रिय स्तरमा भएको मूल्यअनुसार खासै महँगो शुल्क नभएको दाबी गर्छ । सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्ने निर्देशिकाअनुसार दुईपांग्रे सवारीका लागि २ हजार ५ सय रुपैयाँ तोकिएको छ । तीनपांग्रेका लागि २ हजार ९ सय रुपैयाँ, चारपांग्रेका लागि ३ हजार २ सय रुपैयाँ र ठुला सवारीका लागि ३ हजार ६ सय रुपैयाँ तोकिएको छ ।

# मधेश प्रदेशमा प्रहरी र राष्ट्रिय अनुसन्धानलाई सवारीसाधन हस्तान्तरण

*जनकपुर,०९ भदौ ।*




मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले प्रदेशका सुरक्षा निकायलाई कामकाजमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान कार्यालयलाई सवारीसाधन हस्तान्तरण गरेको छ । कार्यक्रममा नेपाल प्रहरी मधेश प्रदेश कार्यालयलाई २१ थान मोटरसाइकल र एक थान पिकअप भ्यान, र राष्ट्रिय अनुसन्धान कार्यालयलाई दुई थान कार र दुई थान पिकअप भ्यान हस्तान्तरण गरिएको छ । गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले आर्थिक वर्ष २०८१-८२ मा खरिद गरिएको सवारीसाधनका कागजात र साँचो हस्तान्तरण गरेका थिए ।मन्त्री लेखीले भने, "प्रदेश सरकारले नागरिकको सुरक्षा सुनिश्चित गर्न प्रतिवद्ध छ ।

यस प्रकारको सहयोगले प्रहरी र राष्ट्रिय अनुसन्धानलाई आफ्नो कामकाज सहज बनाउन मद्दत पुग्नेछ ।" नेपाल प्रहरी मधेश प्रदेश कार्यालय प्रमुख डिआइजी उमाप्रसाद चतुर्वेदीले प्रदेश सरकारले दिएको साधन स्रोतले अपराध नियन्त्रणमा सहजता हुने बताए । कार्यक्रममा गृह मन्त्रालयका सचिव, सुरक्षा अधिकारी र मन्त्रालयका उच्चपदस्थ कर्मचारी उपस्थित थिए ।

# सशस्त्र प्रहरीद्वारा दैनिक ७२ सचेतना कार्यक्रम सञ्चालन

*बीरगन्ज,०९ भदौ ।*



जिल्ला प्रशासन कार्यालयको संयोजनमा सशस्त्र प्रहरी बलले समुदायलाई लक्षित गर्दै दैनिक सचेतना कार्यक्रम सञ्चालन गरिरहेको छ । सशस्त्र प्रहरीका एसपी पुरणचन्दका अनुसार, जिल्लाभर रहेका २४ युनिटले प्रतिदिन तीन-तीन समुदायमा पुगेर गतिविधि सञ्चालन गर्ने भएकाले दैनिक ७२ वटा सचेतना कार्यक्रम भइरहेका छन् । यस अभियानमार्फत नागरिकलाई शान्ति-सुरक्षा, सामाजिक अनुशासन, विपद् व्यवस्थापन, लागुऔषध नियन्त्रण, सीमापारि हुने गैरकानुनी

बाँकी तेश्रो पृष्ठमा

# श्री नेपाल राष्ट्रिय माविमा तीजको अवसरमा सांस्कृतिक महोत्सव

*बीरगन्ज,०९ भदौ ।*




श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सेढवा बिर्तामा हरितालिका तीजको अवसरमा भव्य सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । नेपाली संस्कृतिको संरक्षण र विद्यार्थीमा सिर्जनशीलता विकास गर्ने उद्देश्यसहित आयोजना गरिएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक खेमराज चौधरी प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रमको सुरुमा अतिथिहरूलाई स्वागत गर्दै तीजको ऐतिहासिक र सांस्कृतिक महत्वबारे संक्षिप्त मन्तव्य प्रस्तुत गरिएको थियो । त्यसपछि विद्यार्थीहरूले तीज गीत, नृत्य, कविता वाचन र अभिनयजस्ता विविध सांस्कृतिक प्रस्तुति प्रस्तुत गर्दै दर्शकहरूलाई मन्त्रमुग्ध बनाएका थिए । सांस्कृतिक प्रतियोगिताको रूपमा आयोजना गरिएको कार्यक्रममा सहभागी विद्यार्थीहरूको प्रस्तुति निर्णायक मण्डलले मूल्यांकन गरी उत्कृष्ट विद्यार्थीहरूलाई प्रमाणपत्र र पुरस्कार प्रदान गरिएको थियो । विजेताहरूलाई प्रमुख अतिथि चौधरीले सम्मानित गर्नुभएको थियो । कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय समाजसेवीहरूको सक्रिय उपस्थिति रहेको थियो । साथै विद्यालय परिवारले सबै शिक्षक र कर्मचारीहरूलाई 'दर' खुवाएर तीजको उल्लास थप रंगीन बनाएको थियो ।

# जसपाको भूमि विधेयकविरुद्ध देशव्यापी आन्दोलन

*काठमाडौं,०९ भदौ ।*

जनता समाजवादी पार्टी (जसपा) नेपालले भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक २०८२ को विरोधमा आजदेखि देशभर सहरकेन्द्रित आन्दोलन सुरु गरेको छ । सरकारलाई विधेयक सच्याउन दबाब दिने उद्देश्यले यो आन्दोलन भदौ १५ गतेसम्म चल्नेछ । जसपाले विधेयकमा हदबन्दी छुटको दुरुपयोग हुने प्रावधान र अव्यवस्थित बसोबासीलाई जग्गा बाँड्ने विषय रहेको भन्दै त्यसले चुरे संरक्षणमा गम्भीर असर पार्ने चिन्ता व्यक्त गरेको छ ।

पार्टीका नेता दीपक कार्कीका अनुसार, यो विरोध प्रदर्शन सरकारलाई दबाब दिनका लागि पहिलो चरणको कार्यक्रम हो ।

यदि सरकारले आफ्ना मागहरूमा ध्यान नदिएमा आन्दोलन थप कडा हुने र सडक तथा सदन दुवैबाट विरोध जारी रहने चेतावनी उनले दिएका छन् ।


हैजा तथा झाडापखाला लगायत पानीजन्य रोगहरुबाट बच्न स्वस्थ व्यवहार अपनाऔं



- उमालेर वा क्लोरिन झोल हालेर शुद्धिकरण गरिएको पानी मात्र पिऔं ।
- खानेपानीलाई सधैं सफा भाँडामा ढाकेर राखौं । सफा भाँडाले मात्र खानेपानी निकालौं ।
- खानेकुरालाई राम्ररी पकाएर मात्र खाऔं । सडेगलेको, बासी र झिङ्गा भन्केको खानेकुरा नखाने । खानेकुरा सफा भाँडाले ढाकेर राखौं ।

पटेर्वासुगौली गाँउपालिका कार्यपालिकाको कार्यालय
पटेर्वासुगौली , पर्सा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा